

# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४६ अङ्क ८ वैशाख २०७९ अप्रिल-मे २०२२

## अर्थ तथा वित्तसम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना




नेपाल राष्ट्र बैंकले काठमाडौंमा 'अर्थ तथा वित्तसम्बन्धी राष्ट्रिय सम्मेलन' आयोजना गर्‍यो । अर्थमन्त्री जनार्दन शर्माले २०७८ चैत २५ गते उक्त सम्मेलनको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अर्थमन्त्री शर्माले पेट्रोलियम पदार्थ, सवारी साधन र विलासिताका वस्तुको उच्च आयातका कारण विदेशी विनिमय सञ्चितिमा दबाब परेको उल्लेख गर्दै आयात नियन्त्रणका लागि आन्तरिक उत्पादनलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उपलब्ध स्रोत साधनलाई उत्पादन वृद्धि र रोजगारी सिर्जनामा उपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीले 'बाह्य क्षेत्र स्थायित्वको चुनौती' विषयक मन्तव्य राख्दै कोभिडको प्रभाव घटेसँगै कर्जा विस्तार, बढ्दो आयात र पर्यटन क्षेत्रको आम्दानीमा कमी आएका कारण चालु खाता र शोधनान्तर स्थिति निरन्तर घाटामा रहेको बताउनुभयो । यसले बाह्य क्षेत्र व्यवस्थापनलाई चुनौतीपूर्ण बनाएको धारणा उहाँले राख्नुभयो । चालु आर्थिक वर्षको पहिलो आठ महिनामा व्यापार घाटा करिब रु.२९८ अर्बले वृद्धि भएको जानकारी उहाँले दिनुभयो ।

२०७८ साउनयता विप्रेषण आप्रवाह घटिरहे पनि फागुन महिनामा भने विप्रेषण आप्रवाहमा सुधार देखिएको जानकारी गभर्नर अधिकारीले दिनुभयो । हाल नेपालसँग ७.४ महिनाको वस्तु र ६.७ महिनाको वस्तु वा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कायम रहेको आँकडा उहाँले प्रस्तुत गर्नुभयो ।

बाह्य क्षेत्रमा उत्पन्न चुनौतीको व्यवस्थापनको निम्ति नेपाल सरकार र राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो । यस क्रममा बैंक दरको वृद्धि, सुनको आयात कटौती, विदेशी मुद्राको निक्षेप प्रोत्साहन, वैदेशिक सहायता परिचालनलगायतका नीतिगत व्यवस्थाहरू अवलम्बन गरिएको चर्चा उहाँले गर्नुभयो । अन्तर्राष्ट्रिय मुद्रा कोषबाट भर्खरै ३९ करोड ५९ लाख अमेरिकी डलर विस्तारित कर्जा सुविधा (ईसीएफ), करिब रु.४७ अर्ब बराबरको शून्य ब्याजदरको ऋण स्वीकृत भएको जानकारीसमेत गभर्नर अधिकारीले दिनुभयो ।

बाह्य क्षेत्र व्यवस्थापनको निम्ति अवलम्बन गरिएका नीतिगत व्यवस्थाका कारण बाह्य क्षेत्रको अवस्थामा केही सुधार देखिएको धारणा उहाँले राख्नुभयो । तथापि रुस-युक्रेनबीचको जारी द्वन्द्वको अन्त्य र कुल आयातमा ३५ प्रतिशत हिस्सा रहेको उपभोग्य वस्तुको आयातलाई प्रतिस्थापन नगर्दासम्म बाह्य क्षेत्र स्थायित्वमा जोखिम कायमै रहने उहाँको भनाइ थियो ।

बाह्य क्षेत्र व्यवस्थापनलाई सबल बनाउन सबैको साझा प्रयास आवश्यक रहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो । उहाँले भन्नुभयो, "विदेशी मुद्रा आर्जनको स्रोत सीमित र साँघुरो रहेको सानो र खुला अर्थतन्त्र भएको नेपालजस्तो देशमा पर्याप्त विदेशी मुद्रा सञ्चिति कायम राख्नुपर्ने बाध्यता हुन्छ । तसर्थ, बाह्य क्षेत्र समस्याले समग्र अर्थतन्त्र र यसका विभिन्न परिसूचकमा




पार्नसक्ने प्रभावलाई मनन गर्दै यसतर्फ सबैले सोच्न जरुरी छ।" बाह्य क्षेत्र व्यवस्थापनलाई सुदृढ तुल्याउन आन्तरिक उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, विप्रेषण आप्रवाह, वैदेशिक लगानी र वैदेशिक सहायतामा वृद्धि गर्नुपर्ने आवश्यकता गभर्नर अधिकारीले औंल्याउनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले स्वागत मन्तव्य राख्दै तरलताको चाप, उच्च व्यापार घाटा, विप्रेषण आप्रवाह उल्लेख्य मात्रामा बढ्न नसकेका कारण अर्थतन्त्रमा चुनौती देखिएको धारणा राख्नुभयो ।

सम्मेलनको उद्घाटन सत्रमा नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धान फेलो डा. कल्पना खनालले 'कोभिड-१९, नेपालको अर्थतन्त्र र नीतिगत व्यवस्था' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले कोभिड-१९ ले नेपालको अर्थतन्त्रमा पारेको असर, यसलाई सम्बोधन गर्न अवलम्बन गरिएका नीतिगत व्यवस्था, अर्थतन्त्रको वर्तमान परिसूचक र कार्यदिशाबारे चर्चा गर्नुभयो ।

उक्त सम्मेलनमा विभिन्न क्षेत्रका विज्ञद्वारा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, व्यापार, पुँजी बजारलगायतका विषयमा १७ वटा कार्यपत्रहरू प्रस्तुत भएका छन् । बैंकद्वारा आयोजित अर्थशास्त्र र वित्तसम्बन्धी सम्मेलनको यो चौथो संस्करण हो । यसअघि सन् २०१२, २०१५ र २०२० मा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भएका थिए । कोभिड-१९ संक्रमणको असर कायमै रहेका कारण यस वर्षको सम्मेलन राष्ट्रियस्तरमा आयोजना गरिएको हो ।

सम्मेलनमा डेपुटी गभर्नर बमबहादुर मिश्र, नेपाल राष्ट्र बैंकका सञ्चालक प्रा.डा. श्रीराम पौड्याल, बैंकका कार्यकारी निर्देशकहरू, विभिन्न संघ/संस्थाका प्रतिनिधि, अनुसन्धानकर्तालगायत करिब सय जनाको सहभागिता रहेको थियो ।

# 'ग्लोबल मनी विक-२०२२' सम्पन्न

विभिन्न वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी मुलुकभर 'ग्लोबल मनी विक-२०२२' मनाइएको छ। नेपाल राष्ट्र बैंकको संयोजनमा २०७८ चैत ७-१३ (मार्च २१-२७, २०२२) मा वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी साताव्यापी रूपमा ग्लोबल मनी विक मनाइएको हो। यो ग्लोबल मनी विकको दसौं संस्करण हो ।

ग्लोबल मनी विकअन्तर्गत यस वर्षको नारा 'Build your future, be smart about money' तय गरिएको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकको अगुवाइमा वित्तीय क्षेत्रका अन्य नियामक निकाय र संघ/संस्थाको सहभागितामा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन भएका छन् ।

यसै क्रममा नेपाल राष्ट्र बैंकले गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा चैत




७ गते काठमाडौंमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा गभर्नर अधिकारीले वित्तीय चेतना सबैका निम्ति आवश्यक रहेको हुँदा वित्तीय जागरण र वित्तीय चेतना अभिवृद्धिका लागि ग्लोबल मनी विकको अभियान सान्दर्भिक रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "कसैलाई वित्तीय क्षेत्रको आधारभूत जानकारी आवश्यक छ भने सामान्य सुझबुझ भएका व्यक्तिलाई आधुनिक बैंकिङ प्रणालीको साक्षरता आवश्यक पर्न




सक्छ । समग्रमा वित्तीय चेतना सबैको निम्ति आवश्यक छ ।"

कार्यक्रमको दोस्रो सत्रमा वित्तीय चेतना प्रवर्द्धन गर्ने किसिमका चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । भुक्तानी प्रणाली विभागका उप-निर्देशक सौरभ पोखरेलले 'डिजिटल वित्तीय साक्षरता', नेपाल धितोपत्र बोर्डका उप-कार्यकारी निर्देशक डा. नवराज अधिकारीले 'धितोपत्र बजारको आधारभूत पक्ष र लगानीसम्बन्धी शिक्षा', सहकारी विभागका शाखा अधिकृत शोभा घिमिरेले 'सहकारीमा वित्तीय साक्षरता' र बीमा समितिका सहायक निर्देशक राम कोजुले 'बीमा तथा बीमा समितिको संक्षिप्त परिचय' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहकारीकर्मी, विद्यार्थी, बीमा अभिकर्ता, पुँजी बजारका साना लगानीकर्तालगायतको सहभागिता थियो ।






राष्ट्र बैंककै प्रयासमा हिमालय टेलिभिजन र बझाङस्थित साइपाल एफएममा वित्तीय चेतनामूलक अन्तरवार्ता प्रसारण भएका थिए । साथै, बैंकको प्रदेशस्थित कार्यालयमार्फत विभिन्न स्थानमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम, वित्तीय चेतनामूलक र्‍यालीजस्ता कार्यक्रम आयोजना सम्पन्न गरियो ।

यस क्रममा विराटनगर कार्यालयले चैत १० गते उदयपुरको बेलका-४ स्थित जनता नमूना माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । जनकपुर कार्यालय र पोखरा कार्यालयले चैत १२ गते वित्तीय चेतनामूलक प्रभातफेरि आयोजना गर्‍यो । यसै गरी, वीरगञ्ज कार्यालयले विभिन्न वाणिज्य बैंक र पोखरिया नगरपालिकाको समन्वयमा चैत १२ गते उचाङ्गल रामदेव कलवार माध्यमिक विद्यालयमा तथा सिद्धार्थनगर कार्यालयले चैत १० गते नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकास्थित त्रिभुवन माध्यमिक विद्यालयमा वित्तीय चेतनामूलक कार्यक्रम र चैत १२ गते सिद्धार्थनगरमा वित्तीय सचेतना र्‍याली आयोजना गरेका थिए ।

यसै गरी, नेपालगञ्ज कार्यालयले चैत ११ गते बर्दियाको बढैयातालस्थित भवानी माध्यमिक विद्यालयमा र सुर्खेत कार्यालयले वीरेन्द्रनगरस्थित सहारा क्याम्पसमा वित्तीय चेतनामूलक कार्यक्रमका साथै धनगढी कार्यालयले चैत १३ गते वित्तीय चेतनामूलक र्‍याली आयोजना गर्‍यो ।

यसै गरी, राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायकले पनि विभिन्न जिल्लामा वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन गरेका छन् ।

'ग्लोबल मनी विक-२०२२' मूलत: किशोर/किशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्व बारेमा जागरण ल्याउने उद्देश्यले वार्षिक रूपमा मनाइने साताव्यापी अभियान हो । Organization for Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका सयभन्दा बढी मुलकमा यो अभियान सञ्चालन हुँदै आएको छ । 'Learn.Save.Earn' लाई ग्लोबल मनी विकको स्थायी नारा तय गरिएको छ ।

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



वित्तीय जानकारी इकाईले चैत १४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले सूचना प्रविधिको विस्तारसँगै वित्तीय अपराध बढेको उल्लेख गर्दै त्यसलाई सुक्ष्म निगरानी राखेर अघि बढ्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीतिको प्रभावकारी कार्यान्वयनको निम्ति वित्तीय क्षेत्रका नियामक र सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । यसबाट नेपालको पारस्परिक मूल्याङ्कनमा समेत अपेक्षित नतिजा प्राप्त हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले आफ्नो मातहतका निकायको संस्थागत सुशासन सुदृढ बनाउन बोर्ड केन्द्रित रहेको उल्लेख गर्दै सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको नियन्त्रणको निम्ति खेल्नुपर्ने भूमिकाप्रति बोर्ड संवेदनशील रहेको जानकारी दिनुभयो । बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा समितिले गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) का अध्यक्ष युद्धराज ओलीले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी व्यवस्थाबारे आफ्ना सदस्यहरूलाई जानकारी गराएको उल्लेख गर्दै नियामक निकायबीच समन्वय र सूचना आदानप्रदान प्रभावकारी हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले वित्तीय सेवाको विस्तारसँगै सम्पत्ति शुद्धीकरण निवारणमा चुनौती बढेको उल्लेख गर्दै नियामक र सुपरिवेक्षकीय निकायहरूबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'नियामक तथा सुपरिवेक्षकको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी नेपालमा भएका अभ्यास, सीमाबाहिर र शङ्कास्पद कारोबारको रिपोर्टिङ प्रक्रिया, गो-एएमएलको परिचय र यसको कार्यान्वयन, राष्ट्रिय जोखिम मूल्याङ्कन-२०२० को विवरण, पारस्परिक मूल्याङ्कनलगायतका विषयबारे जानकारी दिनुभयो ।

कार्यक्रममा बैंकको नियमन र सुपरिवेक्षण विभाग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, धितोपत्र बोर्ड, बीमा समिति, सहकारी विभागलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक रोजी थापा मगरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# महेन्द्रनगरमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम




आर्थिक अनुसन्धान विभागले चैत १८ गते कञ्चनपुरको महेन्द्रनगरमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । आर्थिक वर्ष २०७९/८० को बजेटको निम्ति सरकारलाई दिइने पूर्व बजेटकालीन समीक्षा प्रतिवेदनमा सुझाव सङ्कलन गर्ने उद्देश्यका साथ गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले अन्तरक्रियामा प्राप्त सुझावलाई समावेश गरी अर्थ मन्त्रालयसमक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेस गरिने जानकारी दिनुभयो । सबल र दिगो अर्थतन्त्रको विकासको निम्ति सबै सरोकारवाला निकायको भूमिका महत्वपूर्ण हुने धारणा उहाँले राख्नुभयो ।

सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । आर्थिक अनुसन्धान विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले देशको समग्र आर्थिक अवस्थासँगै सुदूरपश्चिम प्रदेशको आर्थिक अवस्था समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकले समापन मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा उद्योगी, व्यवसायी, सरकारी कार्यालयका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, अर्थशास्त्री, सञ्चारकर्मीसहित ८० जनाको सहभागिता थियो । विभागका उप-निर्देशक प्रेमप्रसाद आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६९(४) मा बैंकले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकारसमक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ ।

# बैंकको गरिमा उच्च राखौं: गभर्नर अधिकारी



गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा धनगढी कार्यालयले चैत १७ गते अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा गभर्नर अधिकारीले केन्द्रीय बैंकको उच्च गरिमा राख्ने गरी कार्य सम्पादन गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो । उच्च व्यापार घाटाका कारण विदेशी विनिमय व्यवस्थापन चुनौतीपूर्ण बनेको उल्लेख गर्दै उहाँले त्यसलाई सम्बोधन गर्न बैंकले विभिन्न नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याएको जानकारी दिनुभयो ।

नगदरहित कारोबारको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औँल्याउँदै गभर्नर अधिकारीले डिजिटल वित्तीय कारोबारका निम्ति बैंकले गरेका नीतिगत प्रयासबारे चर्चा गर्नुभयो । साथै उहाँले राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयलाई पनि बैंक तथा वित्तीय संस्थाको निरीक्षण र सुपरिवेक्षणको जिम्मेवारी दिइने जानकारीसमेत दिनुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक अवन्तिका रिमालले धनगढी कार्यालयको संक्षिप्त परिचयसहितको प्रस्तुति दिनुभयो । सहायक निर्देशक तुलसा ओझाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# व्यवस्थापन र युनियनबीच समन्वय आवश्यकः डेपुटी गभर्नर तिम्सिना



डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बैंक व्यवस्थापन र कर्मचारी युनियनबीच नियमित समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

चैत ४ र ५ गते आयोजित नेपाल राष्ट्र बैंक कर्मचारी संघ, बालुवाटार र थापाथली समितिको तेस्रो परिषद् बैठकको उद्घाटनका अवसरमा डेपुटी गभर्नर तिम्सिनाले दुई पक्षबीचको सुमधुर सम्बन्ध र समन्वयबाट संस्था सन्तुलित ढङ्गले अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "कर्मचारी संघ/सङ्गठन व्यवस्थापनका आँखा हुन् । व्यवस्थापनले बाटो बिराएमा सङ्गठनले खबरदारी गर्नुपर्छ ।"

सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले बालुवाटार समितिद्वारा फागुन २० र २१ गते सञ्चालित अन्तरविभागीय फुटसल प्रतियोगिताका विजयी कर्मचारीलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो । कार्यक्रममा डेपुटी गभर्नर तिम्सिना र नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष रुद्रप्रसाद तिम्सिनाले बालुवाटार समितिद्वारा प्रकाशित 'टेलिफोन डाइरेक्ट्री-२०७८' को विमोचन गर्नुभएको थियो । बालुवाटार र थापाथली समितिका अध्यक्ष क्रमशः चुडामणि पोखरेल र डिल्लीकुमार थापाको सह-अध्यक्षतामा परिषद् बैठक सम्पन्न भएको थियो ।

# पोखरामा विद्युतीय भुक्तानी प्रवर्द्धनसम्बन्धी अनुशिक्षण

भुक्तानी प्रणाली विभागले चैत १८ गते पोखरामा 'विद्युतीय भुक्तानी प्रवर्द्धनसम्बन्धी अनुशिक्षण कार्यक्रम' आयोजना गऱ्यो ।

विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारको नीतिगत व्यवस्था र विभिन्न उपकरणको महत्वबारे जानकारी दिने उद्देश्यका साथ पोखरा कार्यालयको समन्वयमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा भुक्तानी प्रणाली विभाग र पोखरा कार्यालय कार्यालयका कर्मचारी, पोखरास्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ६४ जनाको सहभागिता थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका सहायक निर्देशक सुनिल कणेलले भुक्तानी प्रणालीको महत्व, भुक्तानी नवीनतम उपकरण, भुक्तानीसम्बन्धी नीतिगत व्यवस्था, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०७८ को प्रमुख व्यवस्था, विद्युतीय भुक्तानी प्रवर्द्धन र सुरक्षाको लागि भावी कार्यदिशालगायतका विविध पक्ष समेटिएको



कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले विद्युतीय भुक्तानीको महत्वबारे उल्लेख गर्दै सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्न राष्ट्र बैंकले चालेका कदमबारे चर्चा गर्नुभयो । सो अवसरमा विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले विद्युतीय भुक्तानीको विद्यमान अवस्था र राष्ट्र बैंकको आगामी कार्यदिशाबारे भुक्तानी प्रणालीको विकास र प्रवर्द्धनका निम्ति सरोकारवाला पक्षको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । सो अवसरमा सहभागीहरुबीच विद्युतीय भुक्तानीको प्रवर्द्धन र यससँग जोडिएका अवसर तथा चुनौतीको विस्तृत छलफलसमेत भएको थियो ।

कार्यक्रममा पोखरा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले स्वागत मन्तव्य राख्नुभयो भने भुक्तानी प्रणाली विभागका प्रधान सहायक विश्वनाथ अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विराटनगर र सिद्धार्थनगरमा सहुलियतपूर्ण कर्जासम्बन्धी अनुशिक्षण



विराटनगर कार्यालयले चैत १ गते विराटनगरमा 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागको समन्वयमा कार्यालयले उक्त अनुशिक्षण आयोजना गरेको हो । कार्यक्रममा प्रदेश नं. १ स्थित विभिन्न मन्त्रालयका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख, प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत, स्थानीय निकायका प्रतिनिधि, महिला उद्यमी, घरेलु तथा साना उद्योग महासंघका प्रतिनिधि, ब्याज अनुदानमा कर्जा लिने व्यावसायिक कृषकलगायतको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बुद्धराज शर्माले 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागीले सहुलियतपूर्ण कर्जासम्बन्धी जानकारीको अभाव रहेको, वास्तविक कृषकले ऋण अनुदान प्राप्त गर्न नसकेको, पशुपालन र कृषिमा बीमाको समस्या रहेको, सहुलियतपूर्ण कर्जाको रकम पर्याप्त नभएकोलगायतका गुनासो राख्दै यस कर्जालाई थप सरल र प्रभावकारी बनाउनुपर्ने आसय व्यक्त गरेका थिए ।

निर्देशक शर्माले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो भने विराटनगर कार्यालयका निर्देशक मीना पाण्डेले सहभागीबाट उठेका सान्दर्भिक विषयवस्तुबारे सम्बद्ध निकायसँग छलफल गर्ने धारणासहित समापन मन्तव्य राख्नुभयो । सो अवसरमा विराटनगर कार्यालयका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक निर्जल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, सिद्धार्थनगर कर्यालयले चैत १३ गते 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा र बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' सम्बन्धमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रुपन्देहीका प्रमुख, कृषि ज्ञान केन्द्र तथा भेटनरी पशु सेवा विज्ञ केन्द्रका प्रतिनिधि, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष, रुपन्देही वाणिज्य संघका अध्यक्ष, उद्योग व्यापार संघ रुपन्देहीका अध्यक्ष तथा रुपन्देही जिल्लामा रहेका होटल, उद्योगी तथा व्यवसायी संघ संस्थाका क्षेत्रगत प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, प्रादेशिक तथा शाखा प्रमुख, कृषक, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले सहुलियतपूर्ण कर्जा, पुनरकर्जा र बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्वन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले कृषि तथा ग्रामीण क्षेत्रको विकास, उद्यमशीलताको विकास र रोजगारी प्रवर्द्धनमा सहुलियतपूर्ण कर्जा र पुनरकर्जाको सुविधा फलदायी हुने धारणा राख्नुभयो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक रञ्जना पौडेलले सहुलियतपूर्ण कर्जामा ब्याज अनुदानले कृषि तथा पशुपन्छीपालन व्यवसायको प्रवर्द्धनसँगै व्यावसायिक गतिविधिको प्रवर्द्धनको निम्ति बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा सुविधालाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सो अवसरमा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, रुपन्देहीका प्रमुख नारायण काफ्ले, नेपाल बैंक लिमिटेड लुम्बिनी प्रदेश प्रमुख लेखनाथ भुसाल, सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष भीष्मप्रसाद न्यौपाने, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रेमबहादुर पाठक, रुपन्देही वाणिज्य संघका अध्यक्ष माधव नेपाल, उद्योग व्यापार संघ रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवाली, नेपा ट्राभल्सका प्रमुख सञ्जय बजिमय, एनएमबी बैंकका प्रदेश प्रमुख नवीन विष्ट, शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेललगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवन प्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक माधवराज ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# बर्दियामा तथ्याङ्कसम्बन्धी गोष्ठी



नेपालगञ्ज कार्यालयले २०७८ चैत ३ गते बर्दियाको गुलरियामा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक निभा श्रेष्ठको अध्यक्षतामा आयोजित गोष्ठीमा बर्दियास्थित बैंक तथा वित्तीय संस्था, जिल्लाका नगरपालिका, मालपोत कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरेनरी तथा पशु सेवा विज्ञ केन्द्र, उद्योगी/व्यवसायी सङ्गठनका प्रतिनिधिलगायतको सहभागिता थियो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका उप-निर्देशक श्यामप्रसाद ढकालले आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्यामा केन्द्रित रहेर कार्यपत्र प्रस्तुत गर्दै बर्दिया जिल्लाका आर्थिक परिसूचकबारे जानकारी दिनुभयो । गोष्ठीमा निर्देशक श्रेष्ठले आर्थिक गतिविधिसम्बन्धी तथ्याङ्क समयमै उपलब्ध गराइदिन सम्बद्ध निकायका प्रतिनिधिलाई आग्रह गर्नुभयो ।

# वीरगञ्जमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

वीरगञ्ज कार्यालयले चैत ६ गते वीरगञ्जमा 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



वित्तीय जानकारी इकाईसँगको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । वीरगञ्ज कार्यालयका निर्देशक राजनदेव भट्टराईको सभापतित्वमा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीसँगै बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, नेपाल बार एसोसिएसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, बीमा कम्पनी, स्टक ब्रोकरलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा वित्तीय जानकारी इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण: सिंहावलोकन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण निवारणको कानुनी व्यवस्था, सीमाबाहिरका कारोबार र शङ्कास्पद कारोबारको रिपोर्टिङको व्यवस्थाबारे जानकारी दिनुभयो । यसै गरी, इकाईका सहायक निर्देशक रोजी थापा मगरले 'गो-एएमएल' विषयमा कार्यपत्र प्रस्तुत गर्दै उक्त सफ्टवेयरको विशेषता, कारोबारको संरचना, कार्यान्वयनको अवस्थाबारे जानकारी दिनुभयो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक भट्टराईले पछिल्लो समयमा क्रिप्टोकरेन्सी, नेटवर्किङ मार्केटिङ, हुण्डी जस्ता अवैध कारोबार बढेको आशङ्का गर्दै यसले वित्तीय स्थायित्व र सुशासनमा जोखिम निम्त्याउने धारणा राख्नुभयो । साथै, यस्तो कारोबारले सम्पत्ति शुद्धीकरण निवारणका प्रयासलाई चुनौतीपूर्ण बनाएको उहाँको भनाइ थियो ।

सो अवसरमा वीरगञ्ज कार्यालयका उप-निर्देशक प्रियङ्का बस्न्यातले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने वीरगञ्ज कार्यालयका सहायक निर्देशक प्रदीप बानियाँले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढी, नेपालगञ्ज र सिद्धार्थनगरमा ज्ञान आदानप्रदान कार्यक्रम

धनगढी कार्यालयले चैत २ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा कार्यालयका उप-निर्देशक अवन्तिका रिमालले मनोवैज्ञानिक Mihaly Csíkszentmihályi द्वारा प्रतिपादित 'The Flow State (Maximizing Performance and Happiness)' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयले चैत १४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले जोखिममा आधारित आन्तरिक लेखापरीक्षण' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले जोखिममा आधारित लेखापरीक्षणको अवधारणा र राष्ट्र बैंकमा भएका यससम्बन्धी



अभ्यासबारे चर्चा गर्नुभयो ।

नेपालगञ्ज कार्यालयमा पनि चैत २ ९ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो । सो अवसरमा कार्यालयका सहायक निर्देशक मामराज पथिक धोबीले नेपाल राष्ट्र बैंकमा योजना प्रणाली' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले राष्ट्र बैंकको रणनीतिक योजना र वार्षिक कार्ययोजना तर्जुमाको प्रक्रिया र कार्यान्वयनका सम्बन्धमा जानकारी दिनुभएको थियो ।

# नेपालगञ्जमा समसामयिक विषयमा अन्तरक्रिया



नेपालगञ्ज कार्यालयले चैत ७ गते समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक निभा श्रेष्ठको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रादेशिक/शाखा प्रबन्धक, उद्योग वाणिज्य संघका प्रतिनिधिसहित ४४ जनाको सहभागिता थियो । सो कार्यक्रममा नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अब्दुल वाहिद अन्सारीले सहुलियतपूर्ण कर्जा, पुनरकर्जा र प्रतीतपत्रसम्बन्धी नयाँ व्यवस्थाका सम्बन्धमा धारणा राख्नुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले नगद व्यवस्थापनमा रहेका समस्याबारे धारणा राखेका थिए ।

सो अवसरमा निर्देशक श्रेष्ठले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका उप-निर्देशक श्यामप्रसाद ढकालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक लब्ली श्रीवास्तवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढीमा एसआईएस सम्बन्धी प्रशिक्षण

धनगढी कार्यालयमा चैत १ गते सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा बैंक सुपरिवेक्षण विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले सुपरिवेक्षकीय सूचना प्रणालीका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले एसआईएसको परिचय र प्रयोगको विधिबारे चर्चा गर्दै एसआईएसको तथ्याङ्कमा प्रदेशस्थित कार्यालयको समेत पहुँच विस्तार गर्न लागिएको जानकारी दिनुभयो ।

कार्यक्रमा धनगढी कार्यालयका निर्देशक एसआईएसको पहुँचबाट प्रदेशस्थित कार्यालयले वित्तीय प्रणालीका अद्यावधिक सूचना समयमै प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

# नेपालको बाह्य क्षेत्र स्थायित्वमा अन्तर्राष्ट्रिय मुद्रा कोषको भूमिका



■ सुधा दुलाल आचार्य
उप-निर्देशक

अन्तर्राष्ट्रिय मौद्रिक प्रणालीको सहजीकरणमार्फत विनिमय दर स्थायित्व, भुक्तान सन्तुलन तथा वित्तीय स्थायित्वमा सहयोग गर्दै दिगो विकास तथा आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यका साथ सन् १९४४ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको स्थापना भएको हो। त्यसयता आफ्ना सदस्य राष्ट्रको आर्थिक स्थायित्व र समृद्धिका लागि कोषले विभिन्न सहयोग गर्दै आएको छ।

उल्लिखित उद्देश्यहरू हासिल गर्नका निम्ति कोषले मुख्यतया तीन प्रकारका सहयोग गर्दछः पहिलो न्यून ब्याजदरमा ऋण सहायता, दोस्रो प्राविधिक सहयोग र तेस्रो समष्टिगत आर्थिक निगरानी (Macroeconomic Survellience) तथा नीतिगत र संरचनागत सुधारसम्बन्धी सुझाव। यस्ता सहयोगबाट सदस्य राष्ट्रलाई बाह्य क्षेत्र स्थायित्व कायम गर्न तथा आर्थिक वृद्धि र विकासलाई गति दिन वित्तीय स्रोत साधन उपलब्ध भएको छ भने मानव संशाधन र संस्थाको क्षमता विकासमा सहयोग पुग्नुका साथै अर्थतन्त्रमा विद्यमान जोखिमको पहिचान तथा निराकरणमा समेत मद्दत पुगेको छ।

### नेपालले कोषबाट प्राप्त गरेको सहयोग

सन् १९६१ मा नेपालले कोषको सदस्यता लिएयता कोषले विभिन्न समयमा आर्थिक, प्राविधिक तथा संरचनागत सुधारसम्बन्धी सहयोग गर्दै आएको छ। आर्थिक सहयोगअन्तर्गत समयसमयमा सहुलियत ब्याजदरमा कर्जा सहायता उपलब्ध गराउने गरेको छ जसबाट मुलकको बाह्य क्षेत्र स्थायित्व कायम गर्न र मुलुकको समग्र आर्थिक विकासका लागि स्रोत साधन जुटाउन सहयोग पुगेको छ।

पहिलो सहायताको रूपमा सन् १९७६ मा ७.६ मिलियन एसडीआर बराबरको सहुलियतपूर्ण कर्जा प्राप्त भएको थियो। तत्पश्चात् विभिन्न समयमा कोषले बाह्य क्षेत्रको असन्तुलन सम्बोधन गर्न, गरिबी उन्मुलनमा सहयोग गर्न र भूकम्प तथा कोभिडजस्ता सङ्कटहरूसँग जुध्नका लागि वित्तीय सहायता प्रदान गर्दै आएको छ।

यसरी कोषले नेपाललाई विभिन्न

**तालिका-१: अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राप्त कर्जा सहायता**

| वर्ष | उद्देश्य | सहयोग सुविधाको प्रकार | रकम (मिलियन एसडीआरमा) |
|---|---|---|---|
| सन् १९७६ | बाह्य क्षेत्र असन्तुलनको सम्बोधन गर्न | Reserve and Credit Tranches | ७.६ |
| सन् १९७७ | खडेरीको प्रभावसँग जुध्न | Compensatory Financing Facility | २०.० |
| सन् १९७८ | खडेरीको प्रभावसँग जुध्न | Trust Fund Facility | १३.७ |
| सन् १९८५ | बाह्य क्षेत्र असन्तुलनको सम्बोधन गर्न | Stand-by Arrangements | १८.६५ |
| सन् १९८६ | बाह्य क्षेत्र असन्तुलनको सम्बोधन गर्न | Structural Adjustment Facility | २६.० |
| सन् १९९२ | बाह्य क्षेत्र असन्तुलनको सम्बोधन गर्न | Enhanced Structural Adjustment Facility (ESAF) | १६.७९ |
| सन् २००४ | गरिबी निवारणका लागि वित्तीय स्रोतको व्यवस्था गर्न | Poverty Reduction and Growth Facility | १४.३ |
| सन् २०१० | विश्वव्यापी वित्तीय सङ्कटको असरसँग जुध्न | Rapid Credit Facility(RCF) | २८.५२ |
| सन् २०१५ | भूकम्पबाट बाह्य क्षेत्रमा देखापरेको असन्तुलन कम गर्न | Rapid Credit Facility(RCF) | ३५.६ |
| सन् २०२० | कोभिड सङ्कटबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान तथा स्थायित्व | Rapid Credit Facility (RCF) | १५६.९ |
| सन् २०२२ | कोभिड सङ्कटबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान तथा स्थायित्व | Extended Credit Facility (ECF) | २८२.४२ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

प्राकृतिक सङ्कटदेखि बाह्य क्षेत्र असन्तुलन तथा कोभिड महामारीको सम्बोधन र गरिबी निवारणजस्ता उद्देश्यका लागि सहुलियतपूर्ण कर्जा सुविधा उपलब्ध गराउँदै आएको छ। यसरी कोषले एकातर्फ बाह्य क्षेत्र र समग्र आर्थिक स्थायित्व कायम गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ भने अर्कोतर्फ दिगो आर्थिक वृद्धि, गरिबी निवारण, सुशासनजस्ता आर्थिक विकासका बृहत् उद्देश्यहरू प्राप्त गर्नका लागि नेपाल सरकारलाई वित्तीय साधन उपलब्ध गराउँदै आएको छ। उदाहरणका लागि सन् १९८० को पहिला केही वर्षमा नेपालको बाह्य क्षेत्र सन्तुलन बिग्रँदै गएको थियो। त्यतिबेला नेपालको विदेशी विनिमय सञ्चिति दुई महिनाको कम अवधिको आयात धान्ने अवस्थामा थियो। यो अवस्थामा कोषबाट सन् १९८५ र १९८६ मा प्राप्त सहुलियतपूर्ण कर्जा सुविधाले बाह्य क्षेत्रको अवस्था सुधार गर्नमा ठूलो भूमिका खेलेको थियो। त्यसै गरी, दशौं पञ्चवर्षीय योजनामा आर्थिक वृद्धि तथा गरिबी निवारण उद्देश्यका लागि कोषले सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराएको थियो।

### कोभिड प्रभावित अर्थतन्त्रको पुनरुत्थानमा कोषको भूमिका

कोभिड सङ्कटबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानका लागि कोषले सन् २०२० यता आफ्ना सदस्य राष्ट्रलाई विभिन्न प्रकारका ऋण सहायता उपलब्ध गराउँदै आएको

छ । विश्वव्यापी रूपमा तरलता अभाव नहोस् भनेर नै कोषले २०२१ अगस्टमा करिब ६५० अर्ब बराबरको एसडीआर थप्ने निर्णय गरेको थियो । यो निर्णयबाट नेपालको स्वामित्वमा भएको एसडीआर ६८.१ मिलियनबाट वृद्धि भई २१८ मिलियन पुगेको छ । एसडीआर वृद्धिको निर्णयबाट विश्वव्यापी तरलतामा अभिवृद्धि गर्ने तथा कोभिड सङ्कटसँग चुनौती सामना गरिरहेका जोखिमउन्मुख सदस्य राष्ट्रलाई सहयोग गर्ने कोषको उद्देश्य प्राप्त गर्नमा ठूलो सहयोग पुगेको छ ।

त्यसै गरी, कोभिड सङ्कटको समयमा विदेशी विनिमय सञ्चितिलाई सहज कोषले ऋण मिनाहा कार्यक्रम (Debt Service Relief Program) अन्तर्गत विभिन्न ३१ मुलुकले कोषलाई तिर्नुपर्ने करिब ६९० मिलियन एसडीआर अर्थात् करिब ९६५ मिलियन अमेरिकन डलर बराबरको कर्जा मिनाहा गरेको छ । यसअन्तर्गत नेपालको समेत १३.५६ मिलियन एसडीआर अर्थात् १८.९७ मिलियन अमेरिकन डलर बराबरको ऋण मिनाहा भएको छ ।

कोभिड सङ्कटबाट प्रभावित अर्थतन्त्रको शीघ्र पुनरुत्थानमा थप सहयोग गर्ने कोषको नीतिअनुरूप पछिल्लो समयमा कोषले आफ्ना सदस्य राष्ट्रलाई आपतकालीन कर्जा सुविधा (Emergency Lending Facility) अन्तर्गत विभिन्न प्रकारका सहुलियतपूर्ण कर्जा दिँदै आएको छ । यस्ता कार्यक्रममा Rapid Financing Instrument, Rapid Credit Facility, Extended Credit Facility, Extended Fund Facility, Flexible Credit Line जस्ता सुविधाहरू रहेका छन् । सन् २०२० मार्चदेखि २०२२ मार्चसम्मको अवधिमा यस्ता सुविधाअन्तर्गत ९० सदस्य राष्ट्रले करिब १२३ अर्ब एसडीआर अर्थात् करिब १७१ अर्ब अमेरिकन डलर बराबरको ऋण सहायता प्राप्त गरेका छन् । यस्तो सहायता प्राप्त गर्ने दक्षिण एसियाली मुलुकहरूमा बङ्गलादेशले ७३२ अमेरिकन डलर, माल्दीभ्सले करिब ३० मिलियन अमेरिकन डलर, अफगानिस्तानले ५९० मिलियन अमेरिकन डलर, पाकिस्तानले १,३८६ मिलियन अमेरिकन डलर तथा नेपालले करिब ६१० मिलियन अमेरिकन डलर बराबरको सहायता प्राप्त गरेका छन् ।

कोभिडपश्चात् कोषले नेपाललाई मे २०२० मा द्रूत कर्जा सुविधा (Rapid Credit Facility) अन्तर्गत २१४ मिलियन अमेरिकन डलर (करिब रु.२६ अर्ब) बराबरको सहुलियतपूर्ण कर्जा सुविधा प्रदान गरेको थियो । मुलुकमा प्राप्त हुने विप्रेषण आय घट्दै गएको तथा पर्यटन क्षेत्र कोभिडबाट नराम्रोसँग थला परेको परिप्रेक्षमा उक्त सहयोगको प्रमुख उद्देश्य नेपाललाई आवश्यक विदेशी विनिमयको अभाव पूरा गर्ने र सरकारको वित्तीय साधनको आवश्यकता पूरा गर्ने रहेको थियो । यो सहयोगले आर्थिक वर्ष २०७६/७७ मा शोधनान्तर बचत सुधार गर्न र सरकारको बाह्य वित्तीय स्रोतको आवश्यकता पूरा गर्नमा उल्लेखनीय भूमिका खेलको थियो ।

कोभिडका सन्दर्भमा नेपालले प्राप्त गरेको अर्को तथा सबैभन्दा महत्वपूर्ण सुविधा विस्तारित कर्जा सुविधा (Extended Credit Facility-ECF) अन्तर्गतको सहायता हो । यस सुविधाअन्तर्गत कोषले नेपाललाई करिब ३९६ मिलियन अमेरिकन डलर (करिब रु.४६ अर्ब) बराबरको शून्य ब्याजदरमा कर्जा उपलब्ध गराउनेछ । यो कर्जामा सुरुको पाँच वर्ष कर्जा तिर्नु नपर्नेगरी ग्रेस अवधि निर्धारण गरिएको छ भने कर्जाको भुक्तानी अवधि १० वर्ष रहेको छ ।

यो कर्जा सुविधाका चार वटा उद्देश्यहरू रहेका छन् : पहिलो, कोभिड सङ्कटबाट स्वास्थ्य तथा अन्य आर्थिक क्रियाकलापमा परेको असरसँग जुध्नका लागि वित्तीय साधन उपलब्ध गराउने तथा आर्थिक जोखिममा परेका समूहलाई संरक्षण दिने, दोस्रो, समग्र आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न सहयोग गर्ने, तेस्रो, दिगो आर्थिक वृद्धि र गरिबी निवारणमा सहयोग गर्नका लागि विभिन्न सुधारका कार्यहरू अघि बढाउन मद्दत गर्ने तथा चौथो कोभिडपछिको पुनरुत्थानका लागि थप अन्तर्राष्ट्रिय सहयोग जुटाउनका लागि आधार तयार पार्ने । यी चारवटा उद्देश्य प्राप्तिका लागि कोषबाट प्राप्त हुने कर्जा रकम नेपाल सरकारले सोझै बजेटरी स्रोतको रूपमा उपयोग गर्न पाउने व्यवस्था गरिएको छ ।

विस्तारित कर्जा सुविधा कार्यक्रमअन्तर्गत नेपाल सरकारले नीतिगत तथा संरचनागत सुधारका केही कामहरू गर्ने प्रतिबद्धता जनाएको छ, जसअन्तर्गत राजस्व परिचालन तथा खर्चको दक्षता अभिवृद्धि गर्ने, वित्तीय क्षेत्रको नियमन तथा सुपरिवेक्षणलाई थप सबल बनाउने, वित्तीय पारदर्शिता कायम गर्दै जाने, सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्नेलगायतका कार्यहरू छन् । त्यसै गरी, समीक्षाका लागि प्रस्ताव गरिएका परिमाणात्मक सूचकमा नेपालको विदेशी विनिमय सञ्चिति तथा नेपाल सरकारको बजेट घाटालगायतका सूचकहरू राखिएका छन् । यिनै प्रतिबद्धता तथा परिमाणात्मक सूचकका आधारमा समीक्षा गरी थप किस्तामार्फत सहयोग रकम उपलब्ध गराउने व्यवस्था विस्तारित कर्जा सुविधा कार्यक्रममा गरिएको छ ।

विस्तारित कर्जा सुविधा कार्यक्रमको अवधि ३८ महिनाको रहेको छ । कार्यक्रमको अर्धवार्षिक रूपमा समीक्षा हुने व्यवस्था छ । यो सुविधाअन्तर्गत हालसम्म नेपालले ११० मिलियन अमेरिकन डलर (करिब रु.१३ अर्ब) प्राप्त गरिसकेको छ । बाँकी रकम भने अर्धवार्षिक रूपमा हुने समीक्षाका आधारमा विभिन्न छ वटा किस्तामा प्राप्त हुँदै जाने प्रस्ताव गरिएको छ । कोषले समीक्षा गर्ने समय तथा प्रदान गर्ने कर्जा सुविधासम्बन्धी विवरण तालिका-२ मा प्रस्तुत गरिएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले गर्ने विभिन्न कार्यको सहजीकरणका लागि नेपाल राष्ट्र बैंक परिसरमा कोषको कार्यालय रहँदै आएको छ । यस्तो सहजीकरणको नेतृत्व कोषबाट नियुक्त भई आउने आवासीय प्रतिनिधिले गर्दै आउनुभएको छ ।

**तालिका-२: विस्तारित कर्जा सुविधाको समीक्षा सहायता (मिलियन एसडीआरमा)**

| समीक्षा | रकम उपलब्ध हुने मिति | रकम (मिलियन एसडीआरमा) |
|---|---|---|
| - | २०२२ जनवरी १२ | ७८.५० |
| पहिलो समीक्षा | २०२२ जुन १२ | ३९.२० |
| दोस्रो समीक्षा | २०२३ जनवरी १२ | ३९.२० |
| तेस्रो समीक्षा | २०२३ जुलाई १२ | ३१.४० |
| चौथो समीक्षा | २०२४ जनवरी १२ | ३१.४० |
| पाँचौं समीक्षा | २०२४ जुलाई १२ | ३१.४० |
| छैटौं समीक्षा | २०२५ जनवरी १२ | ३१.३२ |
| जम्मा | | २८२.४२ |

*स्रोत : अन्तर्राष्ट्रिय मुद्राकोष*

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०७८ चैत महिनामा काठमाडौंमा विभिन्न तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले चैत १० देखि २२ सम्म नवप्रवेशी सहायक निर्देशकहरूको निम्ति पूर्व सेवाकालीन तालिम कार्यक्रम सञ्चालन गऱ्यो । गभर्नर महाप्रसाद अधिकारीले उक्त तालिमको उद्घाटन गर्नुभयो ।

३३ वटा सत्रमा सञ्चालित उक्त तालिममा ३८ जना नवनियुक्त सहायक निर्देशकहरूको सहभागिता थियो । सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले प्रशिक्षार्थीलाई स्वागत गर्नुभएको थियो ।

साथै, केन्द्रले चैत १४ देखि २४ सम्म बैंकमा नवप्रवेशी सहायक कर्मचारीको निम्ति पूर्व सेवाकालीन तालिम सञ्चालन गऱ्यो । डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले उक्त तालिमको उद्घाटन गर्नुभयो । ३० वटा सत्रमा सञ्चालित तालिममा १२ जना नवनियुक्त सहायक कर्मचारीहरूको सहभागिता थियो ।

यसै गरी, केन्द्रले चैत ६ देखि ११ सम्म 'Management Development Program' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १८ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग⁄कार्यालयका २७ जना कर्मचारीको सहभागिता थियो ।

# पोखरामा तनाव व्यवस्थापन कार्यक्रम



पोखरा कार्यालयले चैत ५ गते बेगनासमा तनाव व्यवस्थापन कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा जीवन विज्ञान केन्द्रका योग प्रशिक्षक शङ्कर पोखरेलले तनावका कारण र सोको व्यवस्थापनका उपायबारे चर्चा गर्दै तनावरहित जीवनयापनको निम्ति आवश्यक पर्ने आचरणका सम्बन्धमा चर्चा गर्नुभयो । साथै उहाँले योग प्रशिक्षणसमेत दिनुभयो । निर्देशक डा. रामशरण खरेलको संयोजकत्वमा आयोजित कार्यक्रममा पोखरा कार्यालयका सम्पूर्ण कर्मचारीको उपस्थिति थियो ।

# सरुवा

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको सरुवा भएको छ । चैत १३ गतेदेखि लागू हुनेगरी ढकालको बैंक सुपरिवेक्षण विभाग र भट्टको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा भएको हो ।

चैत १२ गतेको निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका १५ जना सहायक निर्देशकहरूको सरुवा भएको छ। जसअनुसार, बैंक सुपरिवेक्षण विभागका पुनिता मण्डल बैंकिङ विभाग, भुक्तानी प्रणाली विभागका शिवनाथ योगी वित्त व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभागका शशीदेवी कर्ण आन्तरिक लेखापरीक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभागका भीमप्रसाद अधिकारी र सुमनराज डङ्गोल क्रमशः लघुवित्त संस्था सुपरिवेक्षण विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभाग, वीरगञ्ज कार्यालयका चाँदनी गुप्ता र विनय केशरी क्रमशः विदेशी विनिमय व्यवस्थापन विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा पोखरा कार्यालयका कैलाश राजभण्डारी बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, मौद्रिक व्यवस्थापन विभागका द्रोणबहादुर सिंह आर्थिक अनुसन्धान विभाग, विराटनगर कार्यालयका प्रवीन पुडासाइनी वित्तीय संस्था सुपरिवेक्षण विभाग, जनशक्ति व्यवस्थापन विभागका देवकी चौलागाईं आर्थिक अनुसन्धान विभाग, गभर्नरको कार्यालयका शिशिरा अधिकारी, आन्तरिक लेखापरीक्षण विभागका विवेक दाहाल र बैंकिङ विभागका जगिना श्रेष्ठ बैंक सुपरिवेक्षण विभाग तथा जनकपुर कार्यालयका श्यामसुन्दर प्रसाद केशरीको वीरगञ्ज कार्यालयमा सरुवा भएको छ ।

यसै गरी, चैत १७ को निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका १३ जना कर्मचारीको सरुवा भएको छ । जसअनुसार धनगढी कार्यालयका उप-निर्देशक सुशील ज्ञवाली बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभागका झकेन्द्रबहादुर शाही धनगढी कार्यालय र नेपालगञ्ज कार्यालयका प्रधान सहायक आस्था सुवेदी बैंकिङ विभागमा सरुवा हुनुभएको छ ।

सहायकहरू वित्त व्यवस्थापन विभागका राजन पोखेल वित्तीय संस्था सुपरिवेक्षण विभाग (कामकाज), भुक्तानी प्रणाली विभागका अर्जुन अर्याल बैंकिङ विभाग, बैंकिङ विभागका इन्दिरा गुरुङ गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, धनगढी कार्यालयका शिवशङ्करप्रसाद साह बैंकिङ विभाग (कामकाज), बैंकिङ विभागका चेतराज फुलारा धनगढी कार्यालय (कामकाज), जनकपुर कार्यालयका माधवप्रसाद खनाल भुक्तानी प्रणाली विभाग, वीरगञ्ज कार्यालयका अजय गुरुङ सिद्धार्थनगर कार्यालय (कामकाज), नेपालगञ्ज कार्यालयका मदन पुन मगर र जनकपुर कार्यालयका लाइमहाङ लिम्बु बैंकिङ विभाग (कामकाज) र जनकपुर कार्यालयका सुदीप श्रेष्ठ जनशक्ति व्यवस्थापन विभाग (कामकाज) मा सरुवा हुनुभएको छ ।

# पदस्थापन

खुला प्रतियोगितात्मक परीक्षाद्वारा सहायक निर्देशक पदमा नियुक्त हुनुभएका ३१ जना कर्मचारीको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ ।

जसअनुसार, सरस्वती शर्मा र सुवास पौडेल आर्थिक अनुसन्धान विभाग, राजेन्द्र रेग्मी र रञ्जु साह मौद्रिक व्यवस्थापन विभाग, राजेश पनेरु र रजनी महर्जन भुक्तानी प्रणाली विभाग, प्रदीपकुमार काफ्ले र कृष्टल मानन्धर संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, विद्या अधिकारी र विजयकृष्ण कुटु गभर्नरको कार्यालय, आस्था लम्साल र प्रजिना स्थापित सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, विक्रम बुढाथोकी पोखरा कार्यालय, चन्दनसिंह चौधरी विराटनगर कार्यालय, ऋषिकेश भट्टराई दीपिका चन्द विदेशी विनिमय व्यवस्थापन विभाग, आश्मा ज्ञवाली वित्तीय जानकारी इकाई तथा सुविज्ञ रेग्मी र विराज खनाल जनशक्ति व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ ।

यसै गरी पूर्णिमा खड्का, अन्जली गोयल, प्रलिशा जोशी र ओमशीला कार्की बैंकिङ विभाग, मीरा ज्ञवाली नेपाल र निशान हिताङ गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, रञ्जना यादव टक्सार महाशाखा, मेरिना नेपाली र अमृता श्रेष्ठ मुद्रा व्यवस्थापन विभाग, श्यामबहादुर बुढा जनकपुर कार्यालय, रितु गुप्ता वीरगञ्ज कार्यालय, भोला रावल धनगढी कार्यालय, तृष्णा अधिकारी र विनु लुइँटेल वित्त व्यवस्थापन विभाग, निष्मा घिमिरे र प्रज्ञा सुवाल आन्तरिक लेखापरीक्षण विभाग तथा सिर्जना बिष्ट र सरिता महर्जन कानुन महाशाखामा पदस्थापन हुनुभएको छ ।

खुला प्रतियोगितात्मक परीक्षाबाट हालै सहायक पदमा नियुक्त हुनुभएका १२ जना सहायकस्तरका कर्मचारीको विभिन्न कार्यालयमा पदस्थापन भएको छ। जसअनुसार जयराज भट्ट, आश्रित ओझा र टीकाराज मानन्धर नेपालगञ्ज कार्यालय, नरोज भट्टराई, प्रेमसागर दाहाल र अन्जली साह जनकपुर कार्यालय, कविता केसी सिद्धार्थनगर कार्यालय, बिमल सापकोटा, इसान बल र वीरबहादुर प्रसाद चौहान वीरगञ्ज कार्यालय, लहना श्रेष्ठ पोखरा कार्यालय र दीपेन्द्र खड्का कानुन महाशाखामा पदस्थापन हुनुभएको छ ।

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*

डा. भागवत आचार्य

*सम्पादन सहयोगी*

विद्या अधिकारी

लालकुमार सुवेदी

नवीना ताम्राकार